रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : १७ मिति : २०८०/१२/२०

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ र रंगेली नगरपालिकाको संस्था दर्ता ऐन २०८० को दफा १८ बमोजिम नगरसभाले बनाएको यो नियामावली सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रंगेली नगरपालिकाको संस्था दर्ता नियमावली २०८०

नगर कार्यपालिका बाट स्वीकृत मितिः २०८०/११/०२

**प्रस्तावना:** नेपालको संविधानको धारा १७ को उपधारा (२) (घ) ले प्रत्याभूत गरेकोनागरिकको मौलिक हकको प्रयोग र सम्मानमा प्रतिबद्ध हुदै, स्थानीय सरकार संचालनऐन, २०७४ (संशोधन सहित) को दफा ११ को उपदफा (४) को देहाय (ठ) (२) ले निर्दिष्टगरेको स्थानीय स्तरका संघ संस्था दर्ता तथा नवीकरण सम्बन्धी अधिकार क्षेत्र भित्र रहीस्थानीयस्तरको सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक,शारीरिक, आर्थिक, सामुदायिक अध्ययन केन्द्र, खेलकुद, परोपकारी तथा एल्मुनाई, टोलविकास संस्था, क्लव तथा स्थायी प्रकृतिका उपभोक्ता समितिहरु समेतको स्थापना, दर्ता तथा नवीकरण गर्नवाञ्छनीय भएकाले **रंगेली नगरपालिकाको संस्था दर्ता ऐन,** २०८० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी रंगेली नगरकार्यपालिकाले यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस नियमावलीको नाम "रंगेली नगरपालिकाको संस्था दर्ता नियमावली २०८०" रहेको छ ।

(२) यो नियमावली रंगेली नगरपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो नियमावली रंगेली नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले "रंगेली नगरपालिकाको संस्था दर्ता ऐन २०८०" सम्झनुपर्छ ।

३. **दर्ताको लागि निवेदन दिनुपर्ने:**रंगेली नगरपालिकाको संस्था दर्ता ऐन २०८० बमोजिम संस्था दर्ता गर्न चाहने ब्यक्तिहरुले एक हजार दस्तुर तिरेको रसिद सहित संस्था दर्ता अधिकारी समक्ष अनुसुची-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

४. **संस्था दर्ता र प्रमाणपत्रः** नियम ३ बमोजिम निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नुपर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछी अनुसूची-३ बमोजिमको प्रमाण-पत्र दिनेछ ।

५. **दर्ताको अवधि, नविकरण र दस्तुरः** (१) नियम ४ बमोजिम दिएको प्रमाणपत्र एक आर्थिक वर्ष सम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित ब्यक्तिले संस्था दर्ता अधिकारी समक्ष पाँच सय रुपैया दस्तुर तिरी अनुसूची ४ बमोजिमको निवेदन पेश गरी दर्ताको प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाणपत्र नवीकरणको लागि निवेदन दिन आएमा संस्था दर्ता गर्ने अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछः-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु २००।–

(ख) खण्ड (क) को म्याद नाघेपछी असार मसान्त सम्मको लागि रु. ४००।–

(ग) खण्ड (ख) बमोजिमको म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. ५०० को दरले दुई आर्थिक वर्षको लागि रु १०००।–

(४) उपनियम (२) र (३) मा जुनसुकै मुरा लेखिएको भए तापनि म्याद भित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाका दरले थप जरीवाना समेत लिई संस्था दर्ता गर्ने अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) दर्ताको प्रमाणपत्र नवीकरण गर्ने संस्थाले निवेदन दिदा आन्तरिक लेखा परीक्षण प्रतिवेदन करचुक्ताको प्रमाणपत्र तथा विधान बमोजिम संस्थाको साधारण सभाको निर्णय र कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नुपर्नेछ ।

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

<u>निवेदनपत्रको ढाँचा</u>

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
रंगेली नगर कार्यपालिकाको कार्यालय
रंगेली मोरङ ।

बिषयः संस्था दर्ता गरिपाँउ ।

महोदय

हामीले यस रंगेली नगरपालिका वडा नं ...... मा कार्यालय रहनेगरी ..................... ......... ......... संस्था खोल्न चाहेकोले रंगेली नगरपालिकाको संस्था दर्ता ऐन २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायका विवरण खोली निवेदन पेश गर्दछौ ।साथै प्रस्तावित संस्थाको विधान दुई प्रति यसै पत्र साथ संलग्न छ ।

<u>बिवरण</u>

१. संस्थाको नामः
२. संस्थाको मुख्य उद्देश्यः
३. समितीको नामः

| क्र.श. | पदाधिकारीको नाम,थर | ठेगाना | ना.प्र.नं.र जिल्ला | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. संस्थाका उद्धेश्य, कार्य विवरण तथा कार्य क्षेत्र
५. आर्थिक स्रोत
६. संस्थाको कार्यालय रहने ठेगाना

भवदीय,

संस्थाको छापः

निवेदकको नामः
पदः
मिति

अनुसूची-२

(नियम ४ सँग सम्बन्धित)

<u>दर्ता किताबको ढाँचा</u>

संस्थाको दर्ता किताबः

| क स | दर्ता नं | दर्ता मिति | संस्थाको नाम | संस्थाको ठेगाना | संस्थाको उद्धेश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

अनुसूची-३

(नियम ४ सँग सम्बन्धित)

प्रमाण-पत्रको ढाँचा

दर्ता मितिः

दर्ता नं .....

श्री अध्यक्ष/सचिव ज्यू

.......................................... ।

............................................. (संस्थाको नाम) रंगेली नगरपालिकाको संस्था दर्ता ऐन २०८० को दफा ४ बमोजिम ............. साल ........ महिना ........ गते दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको सहीः

नाम थरः

दर्जाः

कार्यालयः

---

नविकरण

संस्थाको नामः

दर्ता नं र मितिः

ठेगानाः

| नवीकरण गरेको मिति | दर्ता प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

अनुसूची-४

(नियम ५ सँग सम्बन्धित)

## नविकरणका लागी दिने निबेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
रंगेली नगर कार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

विषयः संस्था नवीकरण गरि पाउँ ।

महोदय,

रंगेली नगरपालिका, संस्था दर्ता ऐन, २०८० को दफा ४ अनुसार दर्ता भएको संस्थालाई त्यस कार्यालयमा नवीकरण गराउनु पर्ने भएकोले गरि प्रमाण पत्र उपलब्ध गराई दिन हुन अनुरोध छ ।

बिवरणहरु

१. संस्थाको नामः ..........................................................................

२. यस अघि आधिकारिक निकायमा दर्ता वा सूचीकृत भएको भए सोको प्रमाण पत्र नं.........

३. ठेगानाः

(क) स्थायी ठेगाना ............... जिल्ला, ............न.पा./गा.पा. वार्ड नं.............. टोल/गाउँ ..........................................

(ख) अस्थायी ठेगाना .............. जिल्ला,...........न.पा./गा.पा. वार्ड नं..............टोल/गाउँ ..........................................

४. स्थापना मितिः ..........................

५. कार्य क्षेत्रः ................................................................................

६. संस्थाको मुख्य उदेश्यः

(क)..............................................................................................

(ख)..............................................................................................

(ग) ............................................................................................

(घ) ..............................................................................................

७. संस्थाको सञ्चालनबाट समुदायमा पर्ने प्रभाव

(क)..............................................................................................

(ख)..............................................................................................

८. संस्थाको आर्थिक स्रोतः ..................................................................

९. बैंक खाता रहेको बैंकको नाम .......................................................बैंक खाता नं.................................

१०. संस्थाको गत आ.ब.को लेखा परीक्षण गर्ने लेखा परीक्षकको नामथर ................................ लेखा परीक्षक सदस्यता नं.................न.पा. व्यवसाय दर्ता नं.........ठेगाना......................संस्थाको नामः

**<u>संस्थाको तर्फबाट उपस्थित आधिकारिक व्यक्तिको</u>**

दस्तखतः .........................

नामः ................................

ठेगानाः..................................

गाउँ/टोलः ........................

मितिः ......................

मोवाइलनः ....................

संस्थाकोनामः .................

सम्पर्कनम्बरः ......................

संस्थाकोछाप

११. संस्थाको आप्नै भवन भए, भवन रहेको जग्गाको विवरणः

रंगेली नगरपालिका वार्ड नं.............. साविक........................ गाविस वडा नं..... कि.नं....... क्षेत्रफल...........

१२. संस्था भाडाको घरमा बसेको भए (वडा कार्यालयमा अभिलेख राखिएको संझौता पत्र अनुसार) घरधनीको नाम......................................... ठेगाना.........................................
मासिक भाडा रकम....................................................... घर भाडा संझौता मिति ......................

१३. सम्बन्धित वडाको सिफारिसः

<u>संलग्न कागजातः</u>

१. यस अघि दर्ता भएको संस्था/समूह/समितिको दर्ता प्रमाणपत्र वा सूचीकृत प्रमाण-पत्रको छायाँ प्रति१थान

२. संस्थाको विधानको छायाँ प्रति १ थान

३. संस्थाको प्रबन्ध समितिको नामावली सहित संस्था दर्ता/नवीकरण गराउने निर्णय माइन्युटको छायाँप्रति १ थान

४. संस्थाको आफ्नै भवन भए सम्पत्तिकरको रसिद वा भाडामा बसेको भए संझौतापत्र र बहाल करको रसिदको छायाँप्रति १ थान

५. संस्थाले स्थायी लेखा नम्बर लिएको भए सोको प्रमाणपत्रको छायाँप्रति १ थान

आज्ञाले
श्री तेजिन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत